**बाजुरामा राजस्व व्यवस्थापन तथा परिचालन सम्बन्धी क्षमता विकास**

स्थानीय तहमा आन्तरिक राजस्व परिचालनका सम्भावना र सवालहरू पहिचान गरी स्थानीय तहको राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ तीन दिने राजस्व व्यवस्थापन तथा परिचालन सम्बन्धी क्षमता विकास तालिम मिति २०८२ पौष २२ देखि २४ गते सम्म बाजुराको मार्तडीमा सम्पन्न भएको छ। तालिममा बाजुरा जिल्लाका नौ वटा स्थानीय तहका नगर उपप्रमुख/ उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, राजश्व शाखा प्रमुख र राजस्व परामर्श समिति सदस्यहरु गरी ३६ जनाको सकृय सहभागिता रहेको थियो।

तीन दिन सम्म सञ्चालन भएको उक्त प्रशिक्षणमा स्थानीय राजस्व प्रशासनका असल अभ्यासहरुको समिक्षा तथा सवाल बारेमा प्यानल छलफल गरी सुधारका क्षेत्र पहिचान गरिएको थियो। प्रशिक्षण अवधिमा राजस्वको सैद्धान्तिक अवधारणा र व्यवहारिक अवस्था, कानूनी प्रावधानका बारेमा समुह अभ्यास गरी राजस्व प्रशासनलाई तथ्याङ्कमा आधारित बनाउने विधि तथा प्रकृयाको बारेमा सहभागिमा स्पष्ट गरिएको थियो। सहभागि स्थानीय तहले आगामि आर्थिक बर्षदेखि राजस्वको सम्भाव्यता, पहिचान, अनुमान तथा प्रक्षेपण एवम् संकलन विधि तथ्याङ्कमा आधारित बनाउने प्रतिवद्धता व्यक्त गरेका छन्।

प्रशिक्षण अवधिमा स्थानीय तहले तयार गरेका राजस्व सुधार कार्ययोजना तथा आर्थिक ऐनको समिक्षा गरी ती दस्तावेजमा भएका प्रावधानको कार्यान्वयन गर्ने विधि र सुधारका क्षेत्र पहिचान भएको तथा राजस्व परामर्श समितिको भूमिका तथा कर्तव्यका बारेमा स्पष्ट भएको प्रशिक्षणका सहभागि बुढीगंगा नगरपालिकाका उपप्रमुख माया खड्का (कवर) ले बताउनु भएको छ।

बडीमालिका नगरपालिकाका उपप्रमुख नन्दा थापाले तालिमको समापन सत्रमा बोल्दै प्रशिक्षण अवधिमा कर तथा गैरकरका क्षेत्र तथा राजस्व प्रशासनलाई व्यवस्थित गर्न यो प्रशिक्षण फलदायी भएको र प्रशिक्षणको अन्त्यमा तयार गरिएको कार्ययोजना बमोजिम सवै स्थानीय तहले आन्तरिक राजस्वलाई पूर्ण डिजिटल प्रणाली लागु गर्न तथा करदातामैत्री सेवा विस्तार गर्ने कार्यमा अग्रसर हुनेमा आफु विश्वस्त भएको तथा आफ्नो नगरपालिकामा कार्ययोजना बमोजिम कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो। प्रशिक्षणको सहजीकरण सहजकर्ता द्वय श्री मदन आचार्य र लोक बहादुर थापाले गर्नु भएको हो।




तथा कर्मचारीहरुका

